**सुदूरपश्चिम विश्वविद्यालय**

# शिक्षाशास्त्र सङ्काय

## सत्रप्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम

**पाठ्यांश शीर्षक** : भाषा, सञ्चार र प्रविधि

**विषय सङ्केत नं. :** Nep.Ed. 485

**विषयको प्रकृति :** सैद्धान्तिक

**तह :** स्नातक

**जम्मा पाठ्यघण्टा :** ३

**सत्र :** आठौँ

**शिक्षण घन्टी** : ४८

---

### १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सत्रप्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रमको नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो। यस पाठ्यांशमा भाषा सञ्चार र प्रविधिका तत्त्व, प्रकार, सञ्चारको माध्यम पत्रकारिता, नेपालमा सञ्चारको परम्परा र विकास, प्रमुख सञ्चार संस्था, भाषाका प्रयोजनपरक भेद, भाषा र सञ्चारको सम्बन्धमा सामान्य जानकारी दिने लक्ष्य राखिएको छ। यसबाट नेपाली भाषाशिक्षामा भाषा सञ्चार र प्रविधिको अन्तरसम्बन्ध पहिल्याउन विद्यार्थीहरूलाई मदत पुग्ने अपेक्षा गरिएको छ।

### २. साधारण उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित उद्देश्य हासिल गर्न सक्षम हुनेछन् :

क) सञ्चारको परिचय दिई तत्त्व, प्रकार र विशेषताबारे प्रकाश पार्न,

ख) सञ्चारको माध्यम पत्रकारिताको परिचय, सिद्धान्त, स्रोत र क्षेत्रको व्याख्या गर्न,

ग) नेपालमा आमसञ्चारको विकास र प्रमुख सञ्चार संस्थाहरूको जानकारी प्रदान गर्न,

घ) विविध सन्दर्भमा नेपाली भाषाको भूमिकाको जानकारी प्रदान गर्न,

ङ) भाषाको प्रयोजनपरक भेदको वर्णन गर्न,

च) भाषा र सञ्चारको सम्बन्धमाथि प्रकाश पार्न।

### ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यवस्तुको विवरण |
|---|---|
| .<br>क) साझा सम्पर्क भाषाको रूपमा नेपाली भाषाको परिचय दिन,<br>ख) सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषा प्रयोगको चर्चा गर्न,<br>ग) सञ्चार तथा प्रकाशनको रूपमा नेपाली भाषाको प्रयोग सन्दर्भ उल्लेख गर्न,<br>घ) शिक्षण माध्यमका रूपमा नेपाली भाषाको प्रयोग पक्ष स्पष्ट पार्न, | **एकाइ एक : नेपाली भाषा र यसका प्रयोजनपरक भेद (पा.घ. ९)**<br>१.१ विविध सन्दर्भमा नेपाली भाषा<br>१.१.१ साझा सम्पर्क भाषाको रूपमा नेपाली भाषा<br>१.१.२ सरकारी कामकाजको रूपमा नेपाली भाषा<br>१.१.३ सञ्चार तथा प्रकाशनको रूपमा नेपाली भाषा<br>१.१.४ शिक्षणको माध्यमका रूपमा नेपाली भाषा<br>१.१.५ अध्ययन अनुसन्धानको माध्यमको रूपमा नेपाली भाषा<br>१.२ भाषाको प्रयोजनपरक भेद<br>१.२.१ भाषाको प्रयोजनपरक भेदको परिचय |

| | |
|---|---|
| ङ) अध्ययन अनुसन्धानको माध्यमको रूपमा नेपाली भाषाको प्रयोग स्पष्ट पार्न,<br>च) भाषाको प्रयोजनपरक भेदको परिचय दिन,<br>छ) भाषाका प्राविधिक र पारिभाषिक भेद छुट्याई तिनको प्रयोग गर्न,<br>ज) सञ्चारमा प्रयोग हुने निर्दिष्ट मुख्य मुख्य शब्द र शब्दावलीहरूको अर्थबारे स्पष्ट भई तिनलाई वाक्यमा प्रयोग गर्न,<br>झ) शब्दकोशको प्रयोग गर्ने तरिका अवगत गरी प्रयोग गर्न । | १.२.२ भाषाका प्राविधिक र पारिभाषिक भेदको परिचय र प्रयोग<br>१.२..३ सञ्चारमा प्रयोग हुने मुख्य मुख्य शब्द र शब्दावलीहरूको अर्थ र प्रयोग : अखबार, अग्रलेख, अधिनायकवादी प्रेस, अन्तरवैयक्तिक सञ्चार, अन्तर्वार्ता, अप्रत्याशित समाचार, आन्तरिक सञ्चार, आमसञ्चार, आमुख, उपचारात्मक समाचार, उदारवादी प्रेस, उपशीर्षक, खेलकुद पत्रकारिता, कार्यकारी सम्पादक, खोज पत्रकारिता, गहन समाचार, चित्रशीर्षक, छापा माध्यम जनसम्पर्क, दूरसञ्चार, निष्क्रिय समाचार, पत्रकार, पत्रकार सम्मेलन, पत्रकारिता, परम्परागत समाचार, पाण्डुलिपि, पीत पत्रकारिता, प्रधान सम्पादक, प्रतिलिपि अधिकार, प्रत्यक्षीकरण, प्रसारण माध्यम, प्रेस परिषद्, प्रेस ब्रिफिङ, प्रेस विज्ञप्ति, रचना (फिचर), फोटो पत्रकारिता, मिति रेखा, मिथ्याप्रचार, मुख्य समाचार, मूल खण्ड, म्यागेजिन, विज्ञापन, विद्युतीय माध्यम, व्याख्यात्मक समाचार, शीर्षकलेखन, संवाददाता, सक्रिय समाचार, सजावट कला, सञ्चार प्रक्रिया, समाचार कक्ष, समूह सञ्चार, समाचारको स्रोत, सम्पादक, सम्पादकीय, सम्पादन, सुपरिवेक्षक, स्तभलेख, ह्यान्डआउट आदि ।<br>१.२..५ शब्दकोशको प्रयोग र अभ्यास |
| क). नेपालका आमसञ्चार संस्थाहरूको विकास प्रक्रिया रेखाङ्कन गर्न,<br>ख) नेपालका प्रमुख सञ्चार संस्थाहरूको सङ्क्षिप्त<br>परिचय दिन | **एकाइ दुई : नेपालमा आमसञ्चारको विकासक्रम र प्रमुख आमसञ्चारका संस्थाहरू (पा.घ. ११)**<br>२.१ नेपालका आमसञ्चार परम्परा र विकासको सङ्क्षिप्त सिंहावलोकन<br>२.१.१. परम्परागत सञ्चार प्रणाली<br>२.१.२. राणा काल<br>२.१.३ प्रजातन्त्र काल<br>२.१.४. पञ्चायत काल<br>२.१.५. बहुदलीय संसदीय काल<br>२.१.६. राजाको प्रत्यक्ष शासन काल<br>२.१.७. गणतन्त्र काल<br>२.२ नेपालका प्रमुख सञ्चार संस्थाहरू<br>२.२.१. गोरखापत्र संस्थान,<br>२.२.२ .रेडियो नेपाल,<br>२.२.३. राष्ट्रिय समाचार समिति,<br>२.२.४. प्रेस काउन्सिल नेपाल,<br>२.२.५. नेपाल पत्रकार महासङ्घ,<br>२.२.६. नेपाल टेलिभिजन<br>२.२.७ अनलाइन मिडिया |

| | |
|---|---|
| क) सञ्चारको परिचय दिन,<br>ख) सञ्चारका तत्त्वहरू पहिचान गरी भन्न,<br>ग) शैली, उद्देश्य र माध्यमका आधारमा सञ्चारका प्रकार बताउन,<br>घ) सञ्चारका विशेषता बताउन,<br>ङ) सञ्चारको महत्त्वबारे वर्णन गर्न । | **एकाइ तीन : सञ्चारको सैद्धान्तिक परिचय (पा.घ. ७)**<br>३.१ सञ्चारको परिचय<br>३.२ सञ्चारका तत्त्व<br>३.३ सञ्चारका प्रकार<br>३.३.१ सञ्चार माध्यममा प्रयोग हुने भाषाका आधारमा : शाब्दिक र गैरशाब्दिक<br>३.३.२ शैली र उद्देश्यका आधारमा : औपचारिक र अनौपचारिक<br>३.३.३ माध्यमका आधारमा : छापा र विद्युतीय सञ्चार<br>३.४ सञ्चारका विशेषता<br>३.५ सञ्चारको महत्त्व |
| क) पत्रकारिताको परिचय दिन,<br>ख). समाचारका तत्त्वहरूबारे भन्न,<br>ग) समाचारका स्रोत र क्षेत्रहरूको पहिचान गरी तिनको वर्गीकरण गर्न,<br>घ) आमसञ्चारका छापा र विद्युतीय माध्यमको परिचय दिई तिनको महत्त्व बताउन,<br>ङ) आमसञ्चारका छापा र विद्युतीय माध्यमका क्षेत्र पल्याउन । | **एकाइ चार : पत्रकारिता र समाचार (पा.घ. ८)**<br>४.१ पत्रकारिताको परिचय<br>४.२ समाचारका तत्त्व (सन्देश, प्रेषक, सम्पादक, माध्यम, बोद्धा)<br>४.३ समाचारका स्रोत र क्षेत्रहरूको पहिचान र वर्गीकरण<br>४.५ आमसञ्चारका छापा र विद्युतीय सञ्चार माध्यमको परिचय र महत्त्व<br>४.५ आमसञ्चारका छापा र विद्युतीय माध्यमका क्षेत्र |
| क) आमञ्चारमा प्रयोग हुने भाषाका विशेषता पहिचान गर्न,<br>ख) भाषा र सञ्चारको सम्बन्धबारे परिचय दिन,<br>ग) भाषा र प्रविधिको सम्बन्ध सम्बन्ध स्पष्ट पारी बताउन,<br>घ) भाषाशिक्षणमा सञ्चारको भूमिकाबारे बताउन,<br>ङ) विद्युतीय सञ्चारप्रणाली र सामान्य शिक्षण प्रणालीबिच भिन्नता पहिल्याउन,<br>च) भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता र प्रयोगबारे ज्ञान हासिल गरी प्रयोग गर्न,<br>छ) समाचार सङ्कलन, लेखन र प्रकाशन प्रक्रियाको वर्णन गर्न,<br>ज) समाचार लेखनको अभ्यास गर्न । | **एकाई पाँच : भाषा, सञ्चार र प्रविधिको सम्बन्ध (पा.घ. १३)**<br>५.१ आमञ्चारमा प्रयोग हुने भाषाका विशेषता (अद्यनता, नवीनता, निकटता, निष्पक्षता) भन्न<br>५.२ भाषा, सञ्चार र प्रविधिको सम्बन्ध<br>५.३ भाषाशिक्षणमा सञ्चारको भूमिका<br>५.४ विद्युतीय सञ्चारप्रणाली र सामान्य शिक्षण प्रणालीबिच भिन्नता<br>५.५ भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता<br>५.६ भाषाशिक्षणमा सञ्चार र विद्युतीय प्रविधिको प्रयोग र अभ्यास<br>५.७ समाचार सङ्कलन, लेखन र प्रकाशन प्रक्रिया<br>५.७ समाचार र सम्पादकीय लेखनको अभ्यास |

**४. शिक्षण प्रक्रिया**

प्रस्तुत पाठ्यांश सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणमा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल, परियोजना, पुस्तकालय कार्य, खोज, कक्षा प्रस्तुति जस्ता विभिन्न विधि अवलम्बन गरिनेछ । यसै गरी पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पाठपत्र, आरेख, तालिका, सूची आदि समेतको उपयोग गरेर योजनावद्ध शिक्षण गर्नमा जोड दिइनेछ । व्याख्यान विधिलाई कमभन्दा कम उपयोग गरी विद्यार्थी सहभागितामूलक शिक्षण कार्यकलापहरूलाई बढी महत्त्व दिइनेछ । शिक्षण कार्यमा यथेष्ट उदाहरणहरूको उपयोगमा र विद्यार्थीहरूको सहभागितामा जोड दिइनेछ । सञ्चारका विविध पक्षको सैद्धान्तिक जानकारी दिई त्यसको प्रयोगका लागि आमसञ्चारसँग सम्बन्धित सङ्घसंस्थासँग परिचित हुने तथा प्रकाशित र प्रसारित सञ्चार सञ्चार साधनको खोजी गर्न लगाई तिनको अनुसरण गर्न लगाइनेछ । साथै पाठ्यसामग्री र पाठपत्रहरूको पठन र छलफलमा विशेष ध्यान दिनुपर्नेछ । विद्यार्थीहरूलाई समूह विभाजन गरी विभिन्न समाचारात्मक लेखको ढाँचा तयार पार्न लगाइनेछ । निर्दिष्ट सिद्धान्तको विश्लेषणमा प्रयोगात्मक पक्षमा बढी जोड दिइनेछ । तोकिएका विषयवस्तु तयार पारी कक्षामा प्रस्तुतीकरण गराउनुका साथै अभ्याससमेत गर्न लगाइनेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता : ५+५ = १० अङ्क

ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीहरू नोट र कक्षा प्रस्तुतीकरण : ५+५=१० अङ्क

(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण)

ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र र अन्तर्वार्ता : ५+५ = १० अङ्क

घ) मध्यसत्र परीक्षा ८ अंक

(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र र अन्तवार्ता) परियोजना कार्य गर्न लगाइनेछ । उक्त कार्यका लागि निर्दिष्ट विषयवस्तुबाट समाचारलेखनसम्बन्धी अध्ययनपत्र निर्माण गरी प्रस्तुत गर्न लगाइनेछ ।

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| समूह ‘क’ बहुवैकल्पिक | १० ओटा प्रश्न | १०×१ | १० |
| समूह ‘ख’ सङ्क्षिप्त उत्तरात्मक | दुइटा अथवासहित ६ ओटा प्रश्न | ६×५ | ३० |
| समूह ‘ग’ लामो उत्तरात्मक | एउटा अथवासहित दुइटा प्रश्न | २×१० | २० |

**७. सन्दर्भ सामग्री**

अधिकारी, हेमाङ्गराज (२०६२), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।
अधिकारी, निर्मलमणि (२०६३), *आमसञ्चार र पत्रकारिता,* प्रशान्ति प्रकाशन ।
अधिकारी, सूर्यमणि (२०७५), *नेपाली भाषाको इतिहास.* भुँडीपुराण प्रकाशन
अर्याल, दीपक (२०६६), *आमसञ्चार र पत्रकारिता,* प्रशान्ति प्रकाशन ।
आचार्य, तुलसीप्रसाद (२०६२), *आमसञ्चार र पत्रकारिता,* भुँडीपुराण प्रकाशन ।
आचार्य, भानुभक्त (२०६७). *आमसञ्चार* र *पत्रकारिता.* प्रधान बुक हाउस ।
खतिवडा, लयप्रसाद (२०७५), *नेपाली भाषा र व्याकरण,* स्वयम् ।
खतिवडा, लयप्रसाद (२०८०). भाषा सञ्चार र प्रविधि.स्वयम् ।
खनाल, श्रीराम (२०६८). *आमसञ्चार र पत्रकारिता* . विद्यार्थी पुस्तक भण्डार ।
गौतम, देवीप्रसाद, (२०४९). *नेपाली भाषाको परिचय..* साझा प्रकाशन ।
चालिसे, विजय (२०६५), समाचार सङ्कलन र सम्पादन (चौथो संस्करण), साझा प्रकाशन ।
देवकोटा, ग्रिष्मबहादुर (२०२३), *नेपालको छापाखाना र पत्रिकाको इतिहास,* स्वयं ।
पोखरेल, प्रबलराज (२०५१), *पत्रकारिताको सामान्य परिचय,* निर्मला पोखरेल ।

**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्र प्रणालीमा आधारित नेपाली शिक्षा स्नातक कार्यक्रम**

पाठ्यांश शीर्षकः नेपाली भाषा शिक्षकको पेसागत उन्नयन

विषय सङ्केत नः Nep.Ed. 486 | विषयको प्रकृतिः सैद्धान्तिक

तहः स्नातक | जम्मा पाठ्यघण्टाः ३

सेमेस्टरः आठौं | शिक्षण घन्टी ४८

---

**१. पाठ्यांश परिचयः**

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायको सेमेस्टर प्रणालीअन्तर्गत बी.एड. कार्यक्रममा नेपाली शिक्षा मूल विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । कुल पाँच एकाइमा विभाजित यस पाठ्यांशमा भाषा शिक्षकको पेसागत विकाससम्बन्धी सामान्य अवधारणा, नेपाली भाषा शिक्षकको पेसागत विकासका लागि भएका प्रयास तथा वर्तमान अवस्था र शिक्षकको पेसागत उन्नयनका विविध पद्धति एवम् विधिहरूलाई समेटिएको छ । यसका साथै विद्यालयीय परिवेश, शिक्षाको विकासमा पर्ने उत्प्रेरणात्मक प्रभावहरू तथा शिक्षण सिकाइ र शिक्षकको पेसागत विकासमा संलग्न विभिन्न संघसंस्थाको भूमिकाबारे समेत पाठ्यवस्तु समावेश गरिएको छ । यस पाठ्यांशको अध्ययनबाट भाषा शिक्षण पेसाको विकासका लागि विभिन्न स्तरबाट निर्वाह गर्नुपर्ने दायित्व, शिक्षणमा आवश्यक पर्ने विशेष ज्ञान र त्यसलाई पेसागत जीवनमा कसरी उपयोग गर्ने भन्ने पक्षमा विद्यार्थीहरूको दक्षता विकास हुने अपेक्षा गरिएको छ ।

**२. साधारण उद्देश्यहरू**

क) भाषा शिक्षकको पेसागत विकासको अवधारणा प्रस्तुत गर्न,

ख) नेपाली भाषा शिक्षकको पेसागत विकासका लागि भएका प्रयासहरूको वर्णन गर्न,

ग) भाषा शिक्षकको पेसागत विकासमा संलग्न जिम्मेवार संस्थाको भूमिका उल्लेख गर्न,

घ) भाषा शिक्षकको पेसागत विकासका विविध पद्धतिहरूलाई चिनाउन,

ङ) भाषा शिक्षकको पेसागत विकासमा उत्प्रेरक तत्त्वहरूको वर्णन गर्न,

च) भाषा शिक्षकको पेसागत विकासका लागि विद्यालयीय प्रचलन र परिवेशको भूमिका पहिचान गर्न,

छ) शिक्षक विकासमा पेसागत विकासका पक्षहरूको वर्णन गर्न,

ज) भाषा शिक्षकको पेसागत विकासका विधिहरूलाई चिनाउन ।

**३. विशिष्ट उद्देश्य र पाठ्यवस्तु विवरण**

| विशिष्ट उद्देश्य | पाठ्यवस्तु विवरण |
|---|---|
| क) भाषा शिक्षकको पेसागत विकासको परिचय दिन,<br>ख) भाषा शिक्षकको पेसागत विकासको आवश्यकता पहिल्याउन, | **एकाइ एकः भाषा शिक्षकको पेसागत विकासको अवधारणा (पा.घ. १३)**<br>१.१ भाषा शिक्षकको पेसागत विकासको परिचय<br>१.२ पेसागत विकासको आवश्यकता<br>१.३ पेसागत विकासका प्रमुख अवधारणाहरू<br>१.३.१ शिक्षक तालिम र शिक्षक विकास |

| | |
|---|---|
| ग) पेसागत विकासका प्रमुख अवधारणाहरूको परिचय दिन,<br>घ) भाषा शिक्षकका पेसागत विकासका जिम्मेवारीहरूको परिचय दिन, | १.३.२ शिक्षक सिकाइका धारणा<br>क. शिक्षक सिकाइः सिप सिकाइका रूपमा<br>ख. शिक्षक सिकाइः संज्ञात्मक प्रक्रियाका रूपमा<br>ग. शिक्षक सिकाइः निजी निर्माणका रूपमा<br>घ. शिक्षक सिकाइः चिन्तन अभ्यासका रूपमा<br>१.३.३ सिकारु शिक्षक र दक्ष शिक्षक<br>१.३.४ वैयक्तिक र संस्थापक परिप्रेक्ष्यबाट सिकाइ<br>१.३.५ सहकार्यात्मक र स्वनिर्देशित सिकाइ<br>१.३.६ सिकाइको चक्रीय पद्धति<br>१.४ भाषा शिक्षकका पेसागत विकासका जिम्मेवारीहरू<br>१.४.१ वैयक्तिक जिम्मेवारीहरू<br>१.४.२ संस्थागत वा विद्यालयीय जिम्मेवारीहरू<br>१.४.३ सरकारी जिम्मेवारीहरू |
| क) नेपाली भाषा शिक्षक शिक्षाको पृष्ठभूमि र विकासको वर्णन गर्न,<br>ख) नेपाली भाषा शिक्षक शिक्षासम्बन्धी सरकारी नीतिको चर्चा गर्न,<br>ग) शिक्षकको पेसागत विकासमा जिम्मेवार निर्दिष्ट पक्षहरू र तिनको भूमिका उल्लेख गर्न,<br>घ) नेपाली भाषा शिक्षक शिक्षाका विद्यमान समस्याहरू र समाधानका उपाय पहिचान गरी बताउन, | **एकाइ दुईः नेपाली भाषा शिक्षकका सन्दर्भमा पेसागत विकासका प्रयास (पा.घ. ९)**<br>२.१. नेपाली भाषा शिक्षक शिक्षाको पृष्ठभूमि र विकास<br>२.२. नेपाली भाषा शिक्षक शिक्षासम्बन्धी सरकारी नीति<br>२.३ शिक्षकको पेसागत विकासमा संलग्न जिम्मेवार पक्ष र तिनको भूमिका<br>२.३.१ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय<br>२.३. २ विश्वविद्यालयहरू<br>२.३.३ शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>२.३.४ शिक्षा विकास तथा समन्वय एकाइ<br>२.३.५ शिक्षा तालिम केन्द्र<br>२.३.६ स्थानीय तह<br>२.३.७ विद्यालय<br>२.३.८ प्रधानाध्यापक<br>२.४ नेपाली भाषा शिक्षक शिक्षाका विद्यमान समस्या र समाधानका उपाय |
| क) शिक्षकको पेसागत विकासका प्रमुख पद्धतिहरूको परिचय दिन,<br>ख. शिक्षकको पेसागत विकासमा उत्प्रेरणाको परिचय र महत्त्व उल्लेख गर्न,<br>ग) उत्प्रेरणाका बाह्य र आन्तरिक पक्षहरूलाई चिनाउन। | **एकाइ तीनः शिक्षकको पेसागत विकासका प्रमुख पद्धति र उत्प्रेरक पक्षहरू (पा.घ. १०)**<br>३.१ शिक्षकको पेसागत विकासका प्रमुख पद्धतिहरू<br>३.१.१ नवप्रवर्तनात्मक पद्धति<br>३.१.२ सहकार्यात्मक पद्धति<br>३.१.३ परामर्शात्मक पद्धति<br>३.१.४ प्रबोधनात्मक पद्धति |

| | |
|---|---|
| | ३.१.५ स्वाध्ययन पद्धति<br>३.१.६ कक्षाकोठा अनुभव पद्धति<br>३.२. शिक्षकको पेसागत विकासमा उत्प्रेरणा<br>३.२.१ उत्प्रेरणाको परिचय,<br>३.२.२. शिक्षकको पेसागत विकासमा उत्प्रेरणाको महत्त्व<br>३.२.३ बाह्य उत्प्रेरणा र यसका विविध पक्ष<br>३.३.४ आन्तरिक उत्प्रेरणा र यसका विविध पक्ष |
| क) शिक्षक विकासका लागि विद्यालयीय प्रचलन र परिवेशको महत्त्व बताउन,<br>ख) विद्यालयको निर्णयमा शिक्षक संलग्नताको औचित्य पुष्टि गर्न,<br>ग) कार्यस्थलबाट अर्जित सिकाइको औचित्य भन्न,<br>घ) अवसर र स्थानको आवश्यकता दर्साउन,<br>ङ) पृष्ठपोषण र भरोसाको महत्त्व बताउन, | **एकाइ चारः शिक्षक विकासका लागि विद्यालयीय प्रचलन र परिवेश (पा.घ. ८)**<br>४.१ शिक्षक विकासका लागि विद्यालयीय प्रचलन र परिवेशको परिचय<br>४.२ शिक्षक विकासका लागि विद्यालयीय प्रचलन र परिवेशको महत्त्व<br>४.३. शिक्षक विकासका लागि विद्यालयको निर्णय प्रक्रियामा शिक्षक संलग्नता<br>४.४ कार्यस्थलबाट अर्जित सिकाइ<br>४.५ अवसर र स्थान<br>४.६ पृष्ठपोषण र भरोसा |
| क) शिक्षकको पेसागत विकासका निर्दिष्ट युक्तिहरूको परिचय दिन<br>ख) शिक्षक पेसा विकासका प्रचलित युक्तिहरूको महत्त्व दर्साउन। | **एकाइ पाँचः शिक्षकको पेसागत विकासका प्रमुख युक्तिहरू (पा.घ. ८)**<br>५.१ सेवा प्रवेश तालिम<br>५.२ शिक्षक परामर्श (मेन्टरिङ) तालिम<br>५.३ प्रमाणीकरण तालिम<br>५.४ छोटो अवधिको पुनर्ताजगी तालिम<br>५.५ पाठ अध्ययन<br>५.७ कार्यमूलक अनुसन्धान<br>५.८ सहपाठी कक्षा अवलोकन र स्वमूल्याङ्न |

**४. शिक्षण प्रक्रिया**

प्रत्येक एकाइको शिक्षणमा आवश्यकताअनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिनेछ। प्रस्तुत पाठ्यांशको शिक्षण गर्न शिक्षकले प्रयोग गर्ने तौर तरिकालाई साधारण शिक्षण प्रक्रिया एवम् विद्यार्थी कार्यकलापमा आधारित शिक्षण प्रक्रियालाई विशिष्ट शिक्षण प्रक्रियाअन्तर्गत राखिएको छ।

**४.१ साधारण शिक्षण प्रक्रिया**

प्रस्तुत पाठ्यांश सैद्धान्तिक प्रकृतिको भएकाले यसको शिक्षणलाई प्रभावकारी बनाउन व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन, छलफल,

परियोजना कार्य, पुस्तकालय अध्ययन, खोज र कक्षा प्रस्तुति जस्ता विविध शिक्षण विधिहरू अवलम्बन गरिनेछ। शिक्षण प्रक्रियालाई थप व्यवस्थित र योजनाबद्ध बनाउन पाठ्यपुस्तकका साथै आवश्यक स्लाइड, सन्दर्भ सामग्री, पाठपत्र, आरेख, तालिका र सूचीहरूको समुचित प्रयोगमा जोड दिइनेछ। सिकाइलाई रोचक र व्यावहारिक बनाउन यथेष्ट उदाहरणहरू प्रस्तुत गर्दै भाषा शिक्षकको

पेसागत विकाससँग सम्बन्धित विषयवस्तुमा आधारित सामग्री तयार गर्न र सोको कक्षा प्रस्तुतीकरण एवम् अभ्यासमा विद्यार्थीहरूलाई सक्रिय गराइनेछ।

### ४.२ विशिष्ट शिक्षण प्रक्रिया

| एकाइ | कार्यकलाप |
|---|---|
| १ | ▪ विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी शिक्षक पेसागत विकासको आवश्यकता, अवधारणा, शिक्षक तालिम, शिक्षक विकास र शिक्षक सिकाइका धारणाहरू आदि बारे टिपोट र प्रस्तुति गर्न लगाउने,<br>▪ दक्ष शिक्षक र सिकारु शिक्षकका बिचमा रहेका भिन्नता टिपोट गर्न लगाइ स्थानीय सन्दर्भअनुसार छलफल गर्ने,<br>▪ विद्यार्थीहरूलाई समूह कार्यका रूपमा शिक्षकको पेसागत विकासका पक्षहरूबारे कक्षा प्रस्तुति गर्न लगाउने, |
| २ | ▪ नेपाली भाषा शिक्षक शिक्षाको पृष्ठभूमि, विकास र सरकारी नीतिका बारेमा अध्ययन सामग्री उपलब्ध गराएर विद्यार्थीहरूलाई समूह छलफल गर्न लगाई प्रस्तुति गर्न लगाउने<br>▪ शिक्षकको पेसागत विकासमा संलग्न जिम्मेवार पक्षहरूका बारेमा एकएक गरी कक्षा प्रस्तुति गराउने<br>▪ नेपाली भाषा शिक्षक शिक्षाका समस्या र समाधानका उपाय शीर्षकमा निश्चित समय निधार्ण गरी अध्ययन पत्रका तयार गर्न लगाई कक्षा प्रस्तुतीकरण गराउने |
| ३ | ▪ शिक्षकको पेसागत विकासका प्रमुख पद्धतिहरू सम्बद्ध पाठ्य सामग्री उपलब्ध गराएर प्रमुख बुँदाहरूको टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने र आवश्यक अन्तरक्रिया तथा छलफल गर्ने<br>▪ विद्यार्थीहरूको समूह विभाजन गरी शिक्षकको पेसागत विकासमा उत्प्रेरणा, यसको महत्त्व विषयमा प्रतिबिम्बात्मक टिप्पणीहरू लेख्न लगाई कक्षा प्रस्तुतीकरण गराउने। |
| ४ | ▪ शिक्षक विकासका लागि विद्यालयीय परिवेश र प्रचलन सम्बन्धी सैद्धान्तिक र व्यावहारिक पक्ष समेटेर परियोजना कार्य गर्न लगाइ कक्षा प्रस्तुतीकरण गराउने<br>▪ रचनात्मक पृष्ठपोषण लिने र दिने तरिकाको प्रयोगात्मक अभ्यास गराउने |
| ५ | ▪ समूह कार्यका रूपमा शिक्षक पेसागत विकासका युक्तिहरूका बारेमा कक्षामा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने,<br>▪ सहपाठी कक्षा अवलोकन फाराम उपलब्ध गराई एक अर्काको मूल्याङ्कन गर्ने अभ्यास गराउने,<br>▪ शिक्षक पेसागत विकासका युक्तिहरूको महत्त्वलाई प्रतिबिम्बात्मक टिप्पणीको रूपमा कक्षा प्रस्तुतीकरण गर्न लगाउने, |

## ५. मूल्याङ्कन प्रक्रिया ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन कक्षा शिक्षकद्वारा निम्न गतिविधिका आधारमा सञ्चालन गरिनेछः

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिताः** ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट) १:** प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरणः ५+५ = १० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुईको प्रस्तुतीकरण )

ग) **मूल्याङ्कन (असाइनमेन्ट) २ :** अध्ययनपत्र परियोजना र अन्तर्वार्ताः ५+५ = १० अङ्क
(विद्यार्थीहरूले छानेका तथा शिक्षकद्वारा अनुमोदित गरिएका विषयहरूमा अध्ययनपत्र वा परियोजना कार्य गर्न लगाई प्रस्तुतीकरण गर्न लगाउने )

**घ) मध्यसत्र परीक्षाः** १० अङ्क

### ६. बाह्य मूल्याङ्कन

यस पाठ्यांशको बाह्य मूल्याङ्कनका लागि सत्रको अन्तमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछः

| **प्रश्नका प्रकार** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनुपर्ने प्रश्नहरूको सङ्ख्या र अङ्कभार** | **कूल पूर्णाङ्क** |
|---|---|---|---|
| समूह क – बहुबैकल्पिक | १० वटा | १०×१ | १० |
| समूह ख– सङ्क्षिप्त उत्तरात्मक प्रश्न | २ वटा अथवासहित ६ वटा | ६×५ | ३० |
| समूह ग – लामो उत्तरात्मक प्रश्न | १ वटा अथावासहित २ प्रश्न | १०×१ | २० |

### ७. सन्दर्भ सामग्री

थपलिया, तुल्सी प्रसाद (२०७२). नेपालमा शिक्षकको पेसागत विकास मोडल. *शिक्षक शिक्षा*, १३(१३), २–१८. शैक्षिक जनशक्ति विकास केन्द्र ।

तिमल्सेना, शिवप्रसाद (२०२०). शिक्षकको पेसागत विकासको अवधारणा र यसका सम्बद्ध पक्ष. *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन*, ५. https://doi.org/10.3126/ire.v5i1-2.34848

भण्डारी, ए. (२०६३), *'टिचर्स प्रोफसनल डिभलपमन्ट पर्स्पेक्टिभस् एन्ड मोडेल्स'* टिचर एजुकेसन, भोल ४, सं. १, भक्तपुर, एनसीइडी, सानोठिमी ।

बखती, प्रमिला (२०७१). शिक्षक तालिम, पेसागत विकास र कार्यमूलक अनुसन्धानबीच अन्तरसम्बन्ध. *शिक्षक शिक्षा*, ३०–३६. शैक्षिक जनशक्ति विकास केन्द्र ।

बम, सुरेन्द्र कुमार (२०२०). भाषा शिक्षकको पेसागत उन्नयनमा व्यक्तिगत जिम्मेवारी. *सिद्धज्योति इन्टरडिसिप्लिनरी जर्नल*, अङ्क १ ।

बर्न्स्, ऐन र रिचार्डस्, ज्याक सी. (संपा.) (सन्.२००९), द क्याम्ब्रिज गाइड टु सेकेन्ड ल्याङ्ग्वेज टिचर एजुकेसन, क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

रिजाल ऋषिराज (२०७०). *कन्स्ट्रक्टिभिस्ट पर्सपेक्टिभ अन टिचर डेभलभमेन्ट*. काठमाडौ ।

शैक्षिक जनशक्ति विकास केन्द (२०७२), *शिक्षक सक्षमताको प्रारुप २०७२,* भक्तपुर ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र. (२०८०). *शिक्षक पेसागत विकास प्रारूप* (प्रथम संस्क.). शिक्षा तथा मानव स्रोत विकास केन्द्र।

शैक्षिक जनशक्ति विकास केन्द्र. (२०६७). *शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वियन पुस्तिका–२०६६*. शैक्षिक जनशक्ति विकास केन्द्र ।

सुवेदी, कृष्णप्रसाद (२०७५). *नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अध्ययन* [अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध]. शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय